# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

### काठमाडौं फाल्गुन २६ गते ०१ साल

### भाग १२

## योजना विकाशविभागको सूचना

आगे नेपालका नयाँ वा पुराना खानीहरूमा काम गरी धाउ धातु अथवा अरू पदार्थ मिनरल्स निकाली खानी र खनिज पदार्थको विकाश गर्न अघि सर्नेहरूलाई हदसम्मको सुविधा दिने सरकारले निश्चय गरी यस विषयमा मूल सिद्धान्त कायम गर्ने र बिचबिचमा सल्लाह लिने हेतुले देशका विशेषज्ञहरूको एक खनिज विकाश परामर्शदातृमण्डल खडा गरी प्रस्तावका रूपमा प्राथमिक नियमहरू पास गराई अर्थ आय विभागको रायसमेत लिई श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदातृमण्डलबाट स्वीकृतिसमेत प्राप्त भएकोले खानीको काम गर्ने शर्तहरू देहायमा दिने काम भएको छ। सरकारबाट खानीका काम गर्ने कम्पनी, ठेकदार वा व्यक्तिहरूलाई कुनै अनुचित बन्धन र झंझट नपारी बिना रोकटोक र हिचकिचाहट काममा अगाडी बढ्दै तरक्की गर्न सक्ने मौका दिन र सरकारलाई हुने आर्थिक लाभपट्टि ध्यान बिलकुल नराखी देश र जनताको हित र फाइदा भैदिए सरकारलाई महान् नैतिक लाभ हुनेछ भन्ने विचार राखी देशभरका उत्साही सज्जनहरूलाई सुवर्ण औसर दिन यो सूचना प्रकाशित भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केही खानीहरूमा काम गराउने बन्दोबस्त रकम बन्दोबस्त अड्डाबाट हुने भइरहेको र सो अड्डाले छोटी म्यादी ठेक्काको काम मात्र गराउने हुँदा समयानुकूल काम नचल्ने अनेक दृष्टान्त भएकोले अबदेखि खानीहरूका काम सबै नेपाल ब्युरो अफ् माइन्स खानी अड्डाबाटै गराउने प्रबन्ध भएको छ। ताँबालगायत अरू यस्तै धातुको काममा ठूलो उद्योगमा भन्दा सानु वा घरेलु उद्योगका रूपमा काम गर्न प्रोत्साहन दिने र सूनखानी पत्ता लगाई प्रस्पेक्टिङ र पुभिङ गर्न लाइसेन्स दिने काम सरकारको विशेष आज्ञाबाट मात्र हुने भएको छ। खानीहरूमा काम गर्न चाहिने दाउरा सरकारी वनबाट पाउने भएमा कुन हिसाबबाट पाउने हो, वनविभागसँग छलफल गरी ठेगान लगाई दिइनेछ।

१ सूनको काम गर्न प्रस्पेक्टिङ र पुभिङ लाइसेन्स पाउनेले खानी अड्डामा नमुना जचाई प्रसेसिङको निमित्त चाहिने मैशिनरीहरू झिकाउन नमुना पठाउन पाउनुहुनेछ।

२ भट्टीतेलको काम गर्नेले ५ वर्षसम्मको एकमुष्ट मोहरू ३००० तीन हजार रुपैयाँ सलामी सरकारमा बुझाई त्यसको अतिरिक्त उत्पादनको पाँच खण्डको १ खण्ड बुझाउने गरी लाइसेन्स पाउनुहुनेछ।

३. तामा, फलाम, शीशा, अभ्रक आदि धातु, धातु र मिनरल्सको खानीमा काम गर्न इजाजत पाऊँ भन्नेले दरखास्तसाथ नमुना खानी अड्डामा पेश गरी जाँचबाट काम गर्न योग्य ठहरिन आएमा मात्र काम गर्ने लाइसेन्स पाउनुहुनेछ।

४. ताँबा अभ्रक आदि यस्तै धातु र मिनरल्सका काममा लाइसेन्स पाई खानीहरूमा काम गर्नेहरूले सरकारी वन जङ्गलबाट सरकारी भाउमा दाउरा पाए पैदावारको पाँच खण्डको एक खण्ड र नपाए ६ खण्डको एक खण्ड तयारी धातु वा मिनरल्स वा जुन जुन बखतमा सरकार दाखिल हुन आउने हो, सोही बखतको बजार भाउले नगदी जे इच्छा लाग्छ, सरकारमा सलामी बुझाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३५४

५. ताँवाको खानीमा लाइसेन्स पाई काम गर्नेले सरकार टक्सालनलाई चाहिने श्रेणीको ताँवा सरकाबाट खरिद गर्न चाहेमा चाहिनेजति ताँवा स्थानीय चलितभाउमा बिक्री गरी दिनुपर्छ।

भीमबहादुर,

सेक्रेटरी — योजना विकाशविभाग.

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।